# दाइजो प्रथाले ग्रामिण समाजमा पारेको प्रभाव

(स्याङ्जा आरुखर्क गा.वि.स.को समाजशास्त्रीय अध्ययन)

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत

समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा

गर्ने प्रयोजनको लागि समाजशास्त्र/मानवशास्त्र विभाग

पृथ्वी नारायण क्याम्पस पोखरामा प्रस्तुत

***शोध पत्र***


**शोधार्थी**

दिपक कुमार शर्मा

रोल नं. १३६/०६४

रजिष्ट्रेसन नं. ६-२-४८-३२२१-२००२


पोखरा

२०७१

# सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय, पृथ्वीनारायण बहुमुखी क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, समाजशास्त्र/मानवशास्त्र विभाग अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका निम्ति शोधार्थी छात्र दिपक कुमार शर्माद्वारा "**दाइजो प्रथाले ग्रामिण समाजमा पारेको प्रभाव**" शीर्षकमा स्याङ्जा जिल्ला आरुखर्क गा.वि.स.को अध्ययन क्षेत्र वडा नं. ४, ५ र ६ मा केन्द्रित रही तयार पारिएको शोधपत्र आवश्यक मूल्याङ्नका लागि समिति समक्ष पेश गर्दछु ।

..........................

(सूर्यभक्त सिग्देल)

**शोध निर्देशक**

समाजशास्त्र/मानवशास्त्र विभाग

पृथ्वी नारायण क्याम्पस, पोखरा

**मितिः  २०७१/१२/२०**

**०३ अप्रिल, २०१५**

# स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय, पृथ्वी नारायण बहुमुखी क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, समाजशास्त्र/मानवशास्त्र विभाग अन्तर्गत, समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिको निमित्त शोधार्थी छात्र दिपक कुमार शर्माले यस विभागमा प्रस्तुत गर्नुभएको "**दाइजो प्रथाले ग्रामिण समाजमा पारेको प्रभाव**" शीर्षकमा स्याङ्जा जिल्ला आरुखर्क गा.वि.स.को अध्ययन क्षेत्र वडा नं. ४, ५ र ६ मा आधारित भइ तयार पारिएको शोधपत्र मूल्याङ्कन समितिबाट योग्य ठहऱ्याइएकोले स्वीकृति प्रदान गरिएको छ।

## मूल्याङ्कन समिति

...........................
(सूर्यभक्त सिग्देल)
**शोध निर्देशक**

...........................
(डा. उमानाथ बराल)
**बाह्य परीक्षक**

.............................
(शान्ति भुसाल)
**विभागीय प्रमुख**

**मिति :- २०७१/१२/३०**
**१३ अप्रिल, २०१५**

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र/मानवशास्त्र विषयको स्नातकोत्तर तह दोस्रो वर्ष आठौं पत्रको आंशिक प्रयोजनको लागि "दाइजो प्रथाले ग्रामिण समाजमा पारेको प्रभाव" शीर्षकको शोध पत्र पृथ्वीनारायण क्याम्पस समाजशास्त्र/मानवशास्त्र विभागमा प्रस्तुत गरिएको हो ।

विश्व समाजमा अनेक रूपमा दाइजो प्रथा प्रचलनमा रहेको पाइन्छ । महिलाको स्तरसँग जोडिएको दाइजो प्रथा सकारात्मक एवम् नकारात्मक दुवै अर्थमा लिइन्छ । सकारात्मक यस अर्थमा कि माइतीद्वारा प्राप्त हुने दाइजोजन्य चल/अचल सम्पत्तिले महिलाको जीविकोपार्जनमा टेवा पुऱ्याइ आर्थिक, सामाजिक एवम् व्यक्तिगत हैसियत उठाउन मद्दत पुऱ्याउने सन्दर्भमा दाइजोलाई मोलमोलाइको रूपमा केटी पक्षलाई आर्थिक भार पर्ने गरी व्यवहार गरिएमा वा भड्किलो किसिमले फजुल खर्च गर्ने परम्परा स्थापित गर्नु नकारात्मक पक्ष मानिन्छ । यस शोधपत्रमा ग्रामिण समुदायमा दाइजो प्रथाले पारेको प्रभावबारे यथार्थ चित्रण गर्ने प्रयत्न गरिएको छ । यस क्रममा शोध निर्देशक सूर्यभक्त सिग्देलज्यूको सहयोग एवम् निर्देशन अतुलनिय रह्यो । अन्य विभागीय सदस्यहरूबाट पनि तारिफयोग्य सहयोग प्राप्त भयो ।

अध्ययनको दौरानमा आफ्ना वहुमूल्य सुझाव दिनुहुने मेरा हितैषी मित्र श्री लिलाप्रसाद पराजुली प्रति म आभारी छु । मेरो अध्ययनलाई सफल बनाउन सहयोग पुऱ्याउनुहुने उत्प्रेरणाका स्रोत पुजनीय वावुआमा प्रति हार्दिक आभार व्यक्त गर्दछु । प्यारा भाइबहिनी, धर्मपत्नी मथुरा खनाल र छोरी दिपिका पौडेल पनि धन्यवादका पात्र छन् । शोधकार्य सम्पन्न गर्नका लागि पुस्तक, पत्रपत्रिका, सन्दर्भग्रन्थ आदि उपलब्ध गराइ अध्ययनमा सहयोग गर्नुहुने पश्चिमाञ्चल पुस्तकालय परिवार, सम्पूर्ण उत्तरदाता, सूचनादाता, शुभ चिन्तक महानुभाव प्रेरणाका स्रोत हुन्, सबैलाई हार्दिक धन्यवाद एवम् कृतज्ञताज्ञापन गर्दछु । शोध कार्यलाई कम्प्यूटर टाइप तथा प्रिन्ट गरी सहयोग पुऱ्याउनुहुने क्वीक कम्प्यूटर सर्भिस पोखरा-१, का प्रोपाइटर पुष्पराज पौडेल प्रति हृदयदेखि नै हार्दिक धन्यवाद प्रकट गर्दछु ।

**मितिः २०७१/१२/१५** दिपक कुमार शर्मा

# विषयसूची

| | |
|---|---|
| *सिफारिस पत्र* | *i* |
| *स्वीकृति पत्र* | *ii* |
| *कृतज्ञताज्ञापन* | *iii* |
| *विषयसूची* | *iv* |
| *तालिका सूचि* | *vii* |
| *चित्र सूचि* | *viii* |
| *शोध सार* | *ix* |
| | पेज नं. |
| **अध्याय - एक : परिचय** | **१-९** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ५ |
| १.३ शोधका उद्धेश्यहरू | ७ |
| १.४ अध्ययनको औचित्य | ८ |
| १.५ अध्ययनको सीमा | ९ |
| १.६ सङ्गठनात्मक ढाँचा | ९ |
| **अध्याय - दुई : पूर्व साहित्य एवम् सैद्धान्तिक समिक्षा** | **१०-३८** |
| २.१ दाइजो प्रथाको प्रारम्भिक सन्दर्भ | १० |
| २.२ नेपालमा सामाजिक व्यवहार सुधार ऐन २०३३ को सन्दर्भ | १३ |
| २.३ महिला अधिकार सम्बन्धी ऐतिहासिक पृष्ठभूमि | १५ |
| २.४ महिला अधिकार सम्बन्धी नेपालको प्रयास | १६ |
| २.५ लैङ्गिक समानताप्रति नेपालको प्रयास | १७ |
| २.६ महिला विरूद्धको हिंसा | २२ |
| २.७ सैद्धान्तिक समिक्षा | २३ |
| २.८ पूर्व साहित्य समिक्षा | २७ |
| २.९ अवधारणात्मक खाका | ३७ |

| | | |
|---|---|---|
| **अध्याय-तिनः** | **अनुसन्धान विधि** | **३९-४४** |
| ३.१ | अध्ययन क्षेत्र छनोटको औचित्य | ३९ |
| ३.२ | अनुसन्धान ढाँचा | ४० |
| ३.३ | नमुना छनोट | ४० |
| ३.४ | तथ्याङ्कको प्रकृति र स्रोतहरू | ४२ |
| | ३.४.१ प्राथमिक स्रोत | ४२ |
| | ३.४.२ द्वितीय स्रोत | ४२ |
| ३.५ | तथ्याङ्क सङ्कलन विधि | ४२ |
| | ३.५.१ अन्तरर्वार्ता अनुसूची | ४३ |
| | ३.५.२ वैयक्तिक अध्ययन | ४३ |
| ३.६ | तथ्याङ्कको विश्लेषण एवम् प्रस्तुतीकरण | ४३ |
| ३.७ | पूर्व परीक्षण | ४४ |
| **अध्याय- चार :** | **अध्ययन क्षेत्रको परिचय एवम् जनसाङ्ख्यिक विवरण** | **४५-५९** |
| ४.१ | अध्ययन क्षेत्रको परिचय | ४५ |
| | ४.१.१ स्याङ्जा जिल्लाको सामान्य परिचय | ४५ |
| | ४.१.२ आरुखर्क गा.वि.स.को परिचय | ४६ |
| | ४.१.३ आरुखर्क गा.वि.स.को सामाजिक संरचना | ४७ |
| ४.२ | उत्तरदाताको सामाजिक एवम् जनसाङ्ख्यिक विवरण | ५० |
| | ४.२.१ शैक्षिक विवरण | ५० |
| | ४.२.२ पेशागत विवरण | ५३ |
| | ४.२.३ जातजाति अनुसारको विवरण | ५४ |
| | ४.२.४ पारिवारिक संरचना | ५५ |
| | ४.२.५ घरमुलीसँग सम्बन्ध | ५६ |
| | ४.२.६ वैवाहिक उमेर | ५७ |
| | ४.२.७ विवाहको प्रकार | ५८ |

**अध्याय पाँचः दाइजो प्रथा, कारण, समस्या र समाधान** **६०-७७**

५.१ दाइजोको स्वरूप ६०

५.२ दाइजो लेनदेन घटबढ सम्बन्धी अवस्था र कारण ६२

५.३ दाइजो प्रथा आवश्यक छ छैन भन्ने धारणा ६४

५.४ दाइजो प्रथाले पारेको सामाजिक प्रभाव ६५

५.५ दाइजो प्रथाले पारेको सकारात्मक तथा नकारात्मक प्रभाव ६६

५.६ दाइजो र तत्जन्य घटना सम्बन्धी महिला उत्तरदाताको धारणा ६८

५.७ दाइजो प्रथालाई निरूत्साहित गरिनुपर्छ भन्ने महिला उत्तरदाताको धारणा ७०

५.८ दाइजो प्रथालाई प्रश्रय तथा सक्षमता/असक्षमताको सवाल ७१

५.९ दाइजो प्रथा र महिलाको अवस्था बीच सम्बन्ध ७३

५.१० दाइजो प्रथा निराकरणका उपाय ७५

**अध्याय छ : छोरीले पनि छोरा सरह अंश पाउने कानुनी व्यवस्था र यसले परम्परागत दाइजो प्रथामा पारेको असर** **७८-८५**

६.१ छोरीलाई दाइजो र अंश सम्बन्धी धारणा ७८

६.२ छोरा सरह छोरीले पनि पैतृक सम्पत्ति पाउने कानुनी व्यवस्था र यसले परम्परागत दाइजो प्रथामा पारेको असर ८०

६.३ पैतृक सम्पत्ति पाउने कानुनी व्यवस्था तथा पाए/नपाएको अवस्था ८३

६.४ महिलाले पैतृक सम्पत्ति पाउनमा कठिनाई हुनुको कारण ८४

**अध्याय- सातः सारांश, निष्कर्ष एवम् सुझाव** **८६-९३**

७.१ सारांश ८६

७.२ निष्कर्ष ९०

७.३ सुझावहरू ९३

**सन्दर्भग्रन्थ सूची**

**अनुसूची**

# तालिका सूची


| | | |
|---|---|---|
| तालिका २.१ | महिलाका लागि भएको विशेष कानुनी व्यवस्थाहरू | १९ |
| तालिका २.२ | दाइजोको रूपमा घटेका हिंसाहरूको विवरण | २९ |
| तालिका २.३ | दाइजोको निहुमा गरिएका जिल्लागत अपराधको विवरण | ३० |
| तालिका ३.१ | छनोट गरिएका वडाको जातिगत विवरण | ४१ |
| तालिका ३.२ | जातिगत रूपमा उद्देश्यमूलक विधिबाट प्रतिनिधि छनोट | ४१ |
| तालिका ४.१ | जातिय आधारमा स्याङ्जा जिल्लाको जनसङ्ख्या विवरण | ४६ |
| तालिका ४.२ | आरुखर्क गा.वि.स.मा रहेको जातजातिगत जनसङ्ख्या विवरण | ४८ |
| तालिका ४.३ | उत्तरदाताको शैक्षिक स्थिति | ५० |
| तालिका ४.४ | उत्तरदाताको पेशागत विवरण | ५३ |
| तालिका ४.५ | उत्तरदाताको जातजाति अनुसार विवरण | ५४ |
| तालिका ४.६ | उत्तरदाताको पारिवारिक संरचना | ५५ |
| तालिका ४.७ | उत्तरदाताको घरमुलिसँगको सम्बन्ध | ५६ |
| तालिका ४.८ | उत्तरदाताको वैवाहिक उमेरको अवस्था | ५७ |
| तालिका ४.९ | उत्तरदाताको विवाहको प्रकार | ५८ |
| तालिका ५.१ | दाइजोको परिवर्तित स्वरूप | ६० |
| तालिका ५.२ | उत्तरदाताको दाइजो लेनदेन घटबढ सम्बन्धी धारणा | ६२ |
| तालिका ५.३ | दाइजो लेनदेन बढ्नुको कारण | ६३ |
| तालिका ५.४ | दाइजो लिन आवश्यक छ/छैन भन्ने बारे उत्तरदाताको धारणा | ६४ |
| तालिका ५.५ | दाइजो प्रथाले पारेको सामाजिक प्रभाव सम्बन्धी उत्तरदाताको जिज्ञासा | ६५ |
| तालिका ५.६ | दाइजो प्रथाको सकारात्मक र नकारात्मक प्रभाव | ६७ |
| तालिका ५.७ | दाइजो र तत्जन्य घटना सम्बन्धी अवस्था | ६९ |
| तालिका ५.८ | दाइजो दिन सबै सक्षम भए नभएको अवस्था | ७३ |
| तालिका ५.९ | दाइजो प्रथाको सुधारमा विभिन्न पक्षको भूमिका | ७६ |
| तालिका ६.१ | छोरीलाई दाइजो र अंश सम्बन्धी धारणाको वर्गीकरण | ७९ |
| तालिका ६.२ | उत्तरदाताको पैतृक सम्पत्ति पाउनुमा कठिनाई देखिनुको कारण | ८५ |

# चित्र सूची


| | | |
|---|---|---|
| चित्र २.१ | दाइजोका कारण भएका हिंसाका घटनाहरूको विवरण | २९ |
| चित्र ५.१ | दाइजो प्रथालाई प्रश्रय दिने वर्ग | ७२ |
| चित्र ५.२ | दाइजो प्रथाले महिलाको अवस्थामा पारेको प्रभाव | ७४ |
| चित्र ६.१ | कानुनी व्यवस्था र यसले परम्परागत दाइजो प्रथामा परेको असर | ८१ |
| चित्र ६.२ | उत्तरदाताको पैतृक सम्पत्ति पाउने कानुनी व्यवस्था र पैतृक अचल सम्पत्ति पाए नपाएको अवस्था | ८३ |

# शोध सार


दाइजो प्रथा खासगरी दक्षिण एसियाली मुलुकहरूमा बढी प्रचलित छ । यसलाई सामाजिक सङ्गति, विसङ्गति दुवै रूपमा विश्लेषण गर्ने गरिन्छ । दाइजो लेनदेनले धेरै विकृति सृजना गरेकोले त्यस कोणबाट धेरै मूल्याङ्कन गरिन्छ । विवाहको अवसरमा छोरीका बाबुआमा अथवा आफन्तले दुलहा र उसका परिवारलाई दिइने नगद वा जिन्सी सामानलाई दाइजो भनिन्छ । दाइजो प्रथा हाम्रो समाजमा कुनै न कुनै रूपमा वैदिक कालदेखि नै चल्दै आएको पाउँन सकिन्छ । समाजको प्रचलन अनुसार वैवाहिक संस्कार सम्पन्न गर्दा कतै वधू मूल्य लिने चलन छ भने कतै दाइजो तिलक दिने चलन पाउन सकिन्छ । समयको विकास सँगसँगै दाइजो प्रथा कतै स्वेच्छिक रूपमा प्रचलनमा छ भने कतै बाध्यात्मक रूपमा पनि रहेको पाउन सकिन्छ ।

दाइजो प्रथाका किसिम जे जस्ता भए तापनि यसलाई मानव समाजले सामाजिक विसङ्गतिका रूपमा लिने गरेको छ । आजभोलि दाइजो प्रथा विरूद्धका आन्दोलन पनि हुने गरेका छन् । दाइजोको नाउँमा सृजना हुने विसङ्गतिहरूमा महिलाहरूलाई गरिने दुर्व्यवहार, गर्भको बच्चाको लिङ्ग पहिचान गरी छोरी भए गर्भ तुहाउने वा भ्रुण हत्या, बालिकाहरूमा देखा पर्ने कुपोषण, घरेलु हिंसा, मानसिक एवम् शारीरिक यातना, दाइजोका कारण हुने मृत्यु र ज्यान लिने काम आदि मानव अधिकार विरूद्धका क्रियाकलाप हुन् । यस्ता अनगिन्ति विसङ्गतिपूर्ण अवस्था र कानुनी निषेधको व्यवस्था हुँदाहुँदै पनि दाइजो प्रथा प्रचलनमा रहेकै छ र यसको गतिविधि तथा प्रचलन झन् बढ्दो रूपमा छ । यथार्थता र अनुभवजन्य घटनाहरू समाजले अनुभूति गरे तापनि यो कुप्रथालाई निषेध नै गर्नुपर्दछ भन्ने विषयमा जनमत तथा आम सहमति बन्न सकिरहेको छैन । अध्ययनलाई नेपालका ग्रामिण भेगमा प्रचलित दाइजो प्रथाको प्रतिनिधि अध्ययनको रूपमा लिन सकिन्छ जसबाट ग्रामिण महिलाको सामाजिक हैसियत झल्कन्छ । कतिपय समाजमा गरिएको अध्ययनले देखाउँछ कि बढी दाइजो ल्याउने महिलाको घरायसी निर्णय क्षमता बढाएको पनि देखिन्छ । पति वा घरका परिवारहरूबाट त्यस किसिमको सम्मान दिने गरिन्छ । त्यसका साथै घरेलु हिंसा पनि घटाएको पाइन्छ । यसले देखाउछ कि दाइजो प्रथाको विश्वव्यापी निषेधले महिलाको भलाइमा तात्विक असर नपर्ला ।

दाइजोजन्य सवालहरूलाई प्रायः लैङ्गिक संवेदन अधिकारको अवधारणा अन्तर्गत अध्ययन गरिन्छ । जसमा अर्ध संरचनात्मक गहन अन्तरवार्ता, वैयक्तिक अध्ययन आदि मुख्य पद्धतिका रूपमा अपनाइन्छ । एक दृष्टिकोणबाट मूल्याङ्कन गर्दा दाइजो समाजको उपभोक्तावादी संस्करको

परिणति हो । गैर कानुनी तरिकाले कमाएको धन "लुटको धन फुपुको श्राद्ध" को रूपमा भड्किलो तरिकाले खर्च गर्ने प्रवृत्ति पनि हाम्रो समाजमा देखिन्छ । प्रहरी, प्रशासन र न्यायिक निकाय दाइजोजन्य कुप्रथा नियन्त्रण गर्न असक्षम छन् । महिला अधिकार र न्यायका लागि क्रियाशील गैरसरकारी संस्थाहरू पनि यस्ता कार्यमा हस्तक्षेप गर्न असक्षम देखिन्छन् । समाजबाट दाइजोरूपी विसङ्गतिलाई हटाउन वा निरूत्साहित पार्न सरकारी क्षेत्र नागरिक समाज र गैर सरकारी संस्थाहरूले प्रभावकारी कदम उठाउन नितान्त आवश्यक भैसकेको छ ।

यस शोध अध्ययनलाई स्याङ्जा जिल्ला आरुखर्क गा.वि.स. अन्तर्गत वडा नं. ४, ५ र ६ मा सीमित गरिएको छ । जसले ग्रामिण परिवेशको प्रतिनिधित्व गर्दछ । "दाइजो प्रथाले ग्रामीण समाजमा पारेको प्रभाव" शीर्षकमा समाजमा व्याप्त दाइजो प्रथाको प्रचलन बारे अध्ययन र विश्लेषण गर्ने, दाइजोको कारण, समस्या र समाधानका उपाय पत्ता लगाउने साथै छोरा सरह छोरीले पनि पैतृक सम्पत्ति पाउने कानूनी व्यवस्थाले परम्परागत दाइजो प्रथामा पारेको असर पत्ता लगाउने प्रमुख उद्‌देश्य यस अध्ययनका अन्तरनिहित विषय रहेका छन् ।

वर्णनात्मक र अन्वेषणात्मक ढाँचाको प्रयोग गरिएको यस शोध अध्ययनमा लक्षित उद्‌देश्य प्राप्त गर्नको लागि तथ्याङ्कको प्रकृति अनुरूप प्राथमिक तथ्याङ्कका विधिहरू मध्येको प्रमुख विधि अन्तरवार्ता अनुसूची विधिको प्रयोग गरिएको छ । नमूना छनोटको रूपमा परेका ३ वटै वडाका जम्मा २६८ घरधुरीबाट २६ प्रतिशत घरधुरी लिइएको छ । एक घरको एकजना पर्नेगरी दैविक नमूना छनोट विधिबाट ७० जना उत्तरदाता लिइएको छ । विभिन्न उमेर समूहका जातजातिका विवाहित महिला ४० जना र विवाह पद्धतिसँग जानकार विभिन्न प्रकारका वैवाहिक अवस्थामा रहेका पुरुष ३० जनासँग अध्ययन क्षेत्रमा गई तथ्याङ्क सङ्कलन गरिएको छ । दाइजो प्रथाको सामाजिक प्रभाव, यसको असर र कारण सँग सम्बन्धित विषयमा तथ्याङ्क लिइएको छ । सङ्कलित तथ्याङ्कलाई संशोधन गरी तालिकीकरण गरी आवश्यकता अनुसार वृत्तचित्रमा देखाइएको छ । गुणात्मक र परिमाणात्मक तथ्याङ्कहरू आवश्यकता अनुसार सङ्कलन र प्रस्तुतिकरण गरिएको छ ।

अध्ययनबाट समाजमा दाइजो प्रथा सबै जातजातिमा प्रतिस्पर्धात्मक रूपमा बढेको पाइन्छ । सचेत एवम् धनाढ्य परिवारमा दाइजोको लेनदेन बढी देखिन्छ । ग्रामिण परिवेशमा मागी विवाहलाई बढी महत्त्व दिइएको र मागी विवाहमा दाइजोको लेनदेन बढी चलेको पाउन सकिन्छ । समयको परिवर्तन सँगसँगै दाइजोको स्वरूप सामान्य जिन्सीबाट परिवर्तन भई नगद र जिन्सी दुवै प्रयोगमा आएको भएतापनि दाइजो स्वयम् महिलाको स्वामित्वमा रही परिचालन आफैंले गर्न पाउने

परीपाटी नरहेको देखिन्छ । जसको कारण अभिभावकले दाइजो दिएर छोरीलाई जुन आर्थिक सहयोग मिलोस् भन्ने अपेक्षा रहेको हुन्छ कतिपय सन्दर्भमा त्यो पूरा हुन सकेको देखिन्न ।

अध्ययन क्षेत्रमा महिलाहरू आर्थिक रूपमा आत्मनिर्भर भएको खासै पाइएन । छोरा सरह छोरीले पनि पैतृक सम्पत्ति पाउने कानूनी व्यवस्था भएपनि व्यवहारमा कार्यान्वयन नभएको पाइयो । यसरी पैतृक सम्पत्ति नपाउनुमा उपभोग गर्न अप्ठेरो, चेली र माइतीबीच द्वन्द्व हुने सम्भावनाले हो भन्ने धेरैको मत पाइयो । दाइजो प्रथा बढ्दै गए पनि छोरीलाई माइतीबाट प्राप्त भएको दाइजोले राहत मिल्ला भन्दा पनि झन् महिलाका व्यक्तिगत र सामाजिक जीवनमा समस्या थपिएको, सामाजिक घटना बढेको हुनाले दाइजो प्रथालाई सुधार गर्नुपर्ने देखिन्छ । सम्पत्तिको अभावमा विपन्न वर्गका छोरीको विवाह हुन कठिन भएको अवस्था, धेरै दाइजो दिएर विवाह गर्नेको पनि आत्मसन्तुष्टि नमिलेको हुनाले दाइजो प्रथालाई हटाउन सकेमा मात्र समाजको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास हुन सक्ने देखिन्छ । दाइजो प्रथा सामाजिक प्रतिष्ठानसँग जोडेर हेर्ने परिपाटीले यसको विकास हुँदै गएपनि यस प्रथाले सकारात्मकभन्दा पनि नकारात्मक प्रभाव बढी पार्ने हुनाले विवाह पश्चात् छोरीले भोग्नुपर्ने शारीरिक, मानसिक पिडा एवम् हिंसालाई कमी गर्न चेतना र शिक्षाको विस्तार गर्नु आवश्यक देखिन्छ । छोरीलाई उचित शिक्षा, सीप, तालिम प्रदान गरी सक्षम बनाई आत्मसम्मानमा वृद्धि गर्न सकेमा समाजमा रहेका कुरीति र विसङ्गतिहरू अन्त्य हुनेमा विश्वस्त हुन सकिन्छ ।

# दाइजो प्रथाले ग्रामिण समाजमा पारेको प्रभाव

(स्याङ्जा आरुखर्क गा.वि.स.को समाजशास्त्रीय अध्ययन)

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत

समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा

गर्ने प्रयोजनको लागि समाजशास्त्र/मानवशास्त्र विभाग

पृथ्वी नारायण क्याम्पस पोखरामा प्रस्तुत

***शोध पत्र***


**शोधार्थी**

दिपक कुमार शर्मा

रोल नं. १३६/०६४

रजिष्ट्रेसन नं. ६-२-४८-३२२१-२००२


पोखरा

२०७१


दाइजो प्रथाले ग्रामिण समाजमा पारेको प्रभाव


शोधार्थी: दिपक कुमार शर्मा


२०७१